# बाणगङ्गा राजपत्र

बाणगङ्गा नगरपालिकाद्वारा प्रकाशित

बाणगङ्गा, खण्डः १, भागः १, संख्याः १० मितिः २०७४ साल चैत्र २८ गते

**भाग-१**
**बाणगङ्गा नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय, कपिलवस्तु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बाणगङ्गा नगरपालिकाको दोस्रो नगरसभाका निर्णयहरु, २०७४ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बाणगङ्गा नगरपालिकाको दोस्रो नगरसभाका निर्णयहरु, २०७४

## मिति २०७४।१२।९

**निर्णयहरुः**

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १ | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ स्वीकृत गर्ने । |
| २ | बाणगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७४ स्वीकृत गर्ने । |
| ३ | बाणगङ्गा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४ स्वीकृत गर्ने । |
| ४ | बाणगङ्गा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन विधेयक, २०७४ स्वीकृत गर्ने । |
| ५ | बाणगङ्गा नगरपालिकाको सहकारी विधेयक, २०७४ स्वीकृत गर्ने । |
| ६ | बाणगंगा नगरपालिकाको शिक्षा विधेयक, २०७४ स्वीकृत गर्ने । |
| ७ | बिशेष सार्वजनिक महत्वको प्रस्ताव पारित गर्ने निर्णय गरियो ।<br>१. यस बाणगंगा नगरपालिकामा सुख्खा याममा आगलागी लगायत विपद् व्यववस्थापन सम्बन्धी बढि जोखिम हुने भएकोले सम्पूर्ण नगरबासीहरुलाई सचेत रही विपद् व्यवस्थापनमा सहयोग गरिदिन सबैमा अनुरोध गर्ने ।<br>२. यस बाणगंगा नगरपालिकाको समग्र विकासका लागि दातृ निकाय एवं गैर सरकारी संस्थाहरुलाई सहयोग, सहकार्य एवं साझेदारीका लागि विशेष अनुरोध गर्ने ।<br>३. यस बाणगंगा नगरपालिका क्षेत्र भित्र रहेका नदि नालाहरुबाट जथाभावी ढुंगा, गिटी, बालुवा उत्खनन् गरी नदि दोहन रोक्न सम्वद्ध सबैमा अनुरोध गर्ने ।<br>४. नगर क्षेत्र भित्र सार्वजनिक स्थल एवं सडकको दायाँबायाँ अनधिकृत रुपले यातायातका साधनहरुको पार्किङ्ग र निर्माण सामग्रीहरु राख्दा बजार व्यवस्थापनमा असहज भएकोले तोकिएको स्थानमा सवारी साधन तथा निर्माण सामग्रीहरुको व्यवस्थापन गरी सहरको सौन्दर्यीकरणमा सहयोग पुर्‍याइदिन सम्वद्ध सबैमा अनुरोध गर्ने ।<br>५. हालै कैलाली जिल्लाको टिकापुरमा एक अठार बर्षीय बालिका माथि बोक्सीको आरोपमा भएको दुर्व्यवहार, कुटपिट प्रति दुःख व्यक्ति गर्दै आगामी दिनमा यस्ता घटनाहरु घट्न नदिन तर्फ सचेत हुने सम्वद्ध सबैमा अनुरोध गर्ने । |
| ८ | आवश्यक तयारी गरी २०७५ साल श्रावण १ गतेदेखि एकिकृत सम्पत्ती कर कार्यान्वयन गर्ने निर्णय गरियो । |
| ९ | नगरपालिकाका पुराना घर नक्सा अभिलेखिकरणको समय २०७५ साल असार मसान्तसम्म समय सीमा बढाउने निर्णय गरियो । |
| १० | पशुपंक्षीजन्य वस्तु तथा सेवाको उत्पादन, बजारीकरण गरी किसानको आर्थिक अवस्था सुदृढ गराउन मापदण्ड तयार गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो । |

| | |
|---|---|
| ११ | नगर सभामा चालु आर्थिक बर्षमा नगरपालिकाबाट सम्पादन भएका कामहरुको समिक्षात्मक प्रगति प्रतिवेदन सम्बन्धि जानकारी प्राप्त भयो । |

**प्रमाणिकरण मितिः २०७४।१२।९**

आज्ञाले,
तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत
बाणगंगा नगरपालिका